# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३२) काठमाडौं, पुस २६ गते २०३९ साल (संख्या ३७

श्री ५ को सरकार

### जलस्रोत मन्त्रालयको

### सूचना

#### कुलेखानी दोस्रो जल विद्युत् विकास समिति (गठन) आदेश, २०३९

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस आदेशको नाम "कुलेखानी दोस्रो जल विद्युत् विकास समिति (गठन) आदेश, २०३९" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आदेशमा "परियोजना" भन्नाले श्री ५ को सरकारबाट स्वीकृत कुलेखानी दोस्रो जल विद्युत् परियोजना सम्झनुपर्छ ।

३. समितिको गठनः (१) कुलेखानी दोस्रो जल विद्युत् विकास समिति (यसपछि "समिति" भनिएको) नामको एक समिति गठन गरिएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहायका सदस्यहरू रहनेछन्:–

(क) माननीय जलस्रोत मन्त्री – अध्यक्ष

(ख) माननीय जलस्रोत सहायक मन्त्री – उपाध्यक्ष

(ग) सचिव, जलस्रोत मन्त्रालय – सदस्य

(घ) प्रतिनिधि (कम्तिमा सह-सचिव स्तर), अर्थ मन्त्रालय – सदस्य

(ङ) प्रतिनिधि (कम्तिमा सह-सचिव स्तर), कानून तथा न्याय मन्त्रालय – सदस्य

(च) प्रतिनिधि (कम्तिमा सह-सचिव स्तर), राष्ट्रिय योजना आयोगको सचिवालय – सदस्य

(छ) महाप्रबन्धक, नेपाल विद्युत् कर्पोरेशन – सदस्य

(ज) चीफ ईन्जिनीयर, विद्युत् विभाग – सदस्य

(झ) परियोजना प्रमुख, कुलेखानी दोस्रो जल विद्युत् परियोजना – सदस्य-सचिव

(३) श्री ५ को सरकारले आवश्यक देखेमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी समितिको सदस्यहरू थपघट वा हेरफेर गर्न सक्नेछ ।

(४) समितिको आमन्त्रणमा स्वदेशी वा विदेशी विशेषज्ञले समितिको बैठकमा पर्यवेक्षकको रूपमा भाग लिन सक्नेछ ।

४. समितिको काम, कर्तव्य र अधिकार: (१) श्री ५ को सरकार र विदेशी सरकार वा संस्थाका बीचमा भएको सम्झौता बमोजिम परियोजना संचालन गर्नु समितिको कर्तव्य हुनेछ ।

(२) उपदफा (१) मा उल्लिखित कर्तव्य पालनको लागि समितिले देहायको कार्यहरू गर्न सक्नेछ:–

(क) परियोजनाको सर्भेक्षण, रूपाङ्कन (डिजाइन) र लगत तयार गर्ने ।

(ख) परियोजना संचालन गर्नको लागि श्री ५ को सरकार र विदेशी सरकार वा संस्थाबीचको ऋण वा अनुदानसम्बन्धी सम्झौता र सो-सित संलग्न सहायक पत्रहरूमा उल्लिखित कामहरू गर्ने ।

(ग) परियोजनाको सञ्चालन सम्बन्धमा नीति निर्धारण गर्ने र कार्यान्वयन-मा रेखदेख पुऱ्याउने ।

(घ) परियोजनाको सञ्चालन गर्न आवश्यक पर्ने कर्मचारीहरू नियुक्ति गर्ने तथा कर्मचारीहरूलाई आवश्यक तालीमको व्यवस्था गर्ने ।

(ङ) परियोजनाको कार्य प्रगतिको वार्षिक प्रतिवेदन श्री ५ को सरकार-समक्ष पेश गर्ने ।

४२८ (च) परियोजना कार्यान्वयनको लागि अन्य आवश्यक कार्यहरू गर्ने ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. समितिको बैठक र निर्णय: (१) समितिको बैठक अध्यक्षले तोकेबमोजिम बस्नेछ ।

(२) समितिको कुल सदस्यसंख्याको पचास प्रतिशत सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(३) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपाध्यक्षले बैठकको अध्यक्षता गर्न सक्नेछ ।

(४) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णयात्मक मत दिनेछ ।

(५) समितिको निर्णय समितिको सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ ।

(६) समितिमा पेश हुने विषयहरू विद्युत् विभागको चीफ ईन्जिनीयरको सहमति लिई पेश हुनेछ ।

(७) समितिमा अपनाइने अन्य कार्यविधि समिति आफैले निर्धारण गर्नेछ ।

६. समितिको कोष: (१) समितिको कोषमा देहायका रकमहरू रहनेछन् र समितिको सबै खर्च सो कोषबाट व्यहोरिनेछ:–

(क) श्री ५ को सरकारबाट प्राप्त रकम,
(ख) श्री ५ को सरकारमार्फत विदेशी सरकार वा संस्थाबाट प्राप्त रकम,
(ग) समितिले अन्य कुनै स्रोतबाट प्राप्त गरेको रकम ।

(२) समितिको कोषको संचालन समितिले बनाएको नियमबमोजिम हुनेछ ।

७. लेखा र लेखा परीक्षण: (१) समितिको आय-व्ययको लेखा श्री ५ को सरकारले अपनाएको तरीकाबमोजिम राखिनेछ ।

(२) समितिको लेखापरीक्षण प्रचलित कानूनबमोजिम हुनेछ ।

(३) श्री ५ को सरकारले चाहेमा जुनसुकै बखत पनि समितिको हिसाब किताब जाँच्न वा जँचाउन सक्नेछ ।

८. अधिकार प्रत्यायोजन: समितिले आवश्यकता अनुसार आफ्नो सबै वा केही अधिकार समितिको कुनै सदस्य वा सदस्यहरूको उप-समिति वा समितिका कुनै कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

९. नियम बनाउने अधिकार: समितिले आफ्नो कार्य सञ्चालनको लागि आवश्यक नियमहरू श्री ५ को सरकारको स्वीकृति लिई बनाउन सक्नेछ ।

१०. श्री ५ को सरकारसँग सम्पर्क: समितिले श्री ५ को सरकारसँग सम्पर्क राख्दा जलस्रोत मन्त्रालयमार्फत सम्पर्क राख्नु पर्नेछ ।

११. समितिको कार्यालय: समितिको प्रधान कार्यालय काठमाडौं र परियोजना कार्यालय सम्बन्धित परियोजना क्षेत्रमा रहनेछ ।

आज्ञाले,
मधुसूदन ढकाल
श्री ५ को सरकारको सचिव

४२३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

५८०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।